# कर बुलेटिन

Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १, वार्षिक समीक्षा विशेषाङ्क-२, २०६९ श्रावण Vol 1, Special Issue-2, July-August 2012


## न्यायपूर्वक सेवा दिन अर्थमन्त्रीको निर्देशन



मानननीय अर्थमन्त्री श्री वर्षमान पुनले कर प्रशासनमा रहेका कर्मचारीहरूले सर्वसाधारण करदातालाई छिटोछरितो एवं न्यायपूर्वक सेवा प्रदान गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने बताउनुभएको छ । आन्तरिक राजस्व विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना तर्जुमा सम्बन्धी सम्मेलनको उद्घाटनका क्रममा कर अधिकृतहरूलाई निर्देशन दिँदै अर्थमन्त्री श्री पुनले यस्तो विचार व्यक्त गर्नुभएको हो ।

राजस्व प्रशासनमा रहेका समस्याहरू समाधान गर्नका लागि उच्च मनोबलका साथ एकीकृत भई लाग्न निर्देशन दिनुहुँदै अर्थमन्त्री श्री पुनले संक्रमणकालीन अवस्थाप्रति सचेत हुँदै काम गर्नु कर्मचारीहरूको कर्तव्य भएको बताउनुभयो ।

कर प्रशासनलाई सबैखाले राजनीतिकरण र युनियनवादभन्दा टाढा राख्नुपर्ने औंल्याउँदै उहाँले विगतमा जुनसुकै पृष्ठभूमिबाट आएपनि करप्रशासनमा प्रवेश गरिसकेपछि राजस्वको इमान्दार कार्यकर्ता भई काम गर्न सम्पूर्ण कर अधिकृतहरूलाई निर्देशन दिनुभयो । जबर्जस्ती गरेर करको लक्ष्य पूरा गर्नमा मात्र नभई करदातालाई सेवा दिनमा सम्पूर्ण कर कार्यालयहरूले विशेष जोड दिनुपर्ने उहाँको भनाइ थियो । राजस्व प्रशासनमा हुने सबै खाले अनियमितता निर्मूल पारी स्वच्छ ढंगले करदातालाई सेवा दिनु सरकारको लक्ष्य रहेको उहाँको कथन थियो ।

### बुढानिलकण्ठ घोषणापत्र, २०६९ जारी

## वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सम्मेलन सफलतापूर्वक सम्पन्न




कर प्रणालीको पञ्चवर्षीय रणनीतिक योजना तथा त्रिवर्षीय कर प्रणाली सुधार कार्ययोजना स्वीकृत गराई यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने निष्कर्षसहित आन्तरिक राजस्व विभागको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माणसम्बन्धी ३ दिने सम्मेलन सफलतापूर्वक सकिएको छ ।

काठमाडौंको बुढानिलकण्ठस्थित पार्क भिलेज होटल एण्ड रिसोर्टमा २०६९ श्रावण १५ गतेदेखि १७ गतेसम्म आयोजित ३ दिने सम्मेलनका क्रममा देशभरका आन्तरिक राजस्व कार्यालय एवं करदाता सेवा कार्यालयहरूका कर अधिकृतहरूको सहभागिता रहेको थियो । सो सम्मेलनले कर प्रशासन सुधार तथा नयाँ रणनीति तर्जुमा सम्बन्धी विविध विषयवस्तुहरू समावेश गरी बुढानिलकण्ठ घोषणापत्र, २०६९ जारी गरेको छ ।

मित्रराष्ट्र जर्मनीको अन्तर्राष्ट्रिय सहयोग संस्था GIZ/RAS Project तथा मित्रराष्ट्र डेनमार्कको अन्तर्राष्ट्रिय विकास संस्था DANIDA को सहयोगमा विभागले आयोजना गरेको सम्मेलनले पहिलोपटक निजी क्षेत्र, करदाता तथा अन्य सरोकारवालाहरूसँगको अन्तर्क्रियाबाट राजस्व नीति तय गर्ने परिपाटी सुरु

(बाँकी पृष्ठ ७ मा)

### आँखीझ्याल


"कर पालनाभन्दा अवज्ञा लागत उच्च हुने प्रणाली आवश्यक" पृष्ठ ३

सम्मेलनको केही झलकहरू पृष्ठ ४–५

नियमितबाहेक उदाहरणीय कार्य गर्नुहोस् : महानिर्देशक पृष्ठ ८




Tax Bulletin final - Special Issue 2.pmd 1 05/08/2012, 16:16

**संरक्षक**

टंकमणि शर्मा

**सम्पादक मण्डल**

नरसागर श्रेष्ठ

मदन दहाल

महाराज कोइराला

नारायणप्रसाद सुवेदी

शिव शर्मा

ढुण्डीराज दाहाल

**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

Website: www.ird.gov.np

# व्यक्तित्व विकास





■ **टंकमणि शर्मा**

मानिसको सबैभन्दा बढी सम्पर्क मानिसहरूसँगै हुन्छ। मानिसलाई चिन्न सक्नुपर्दछ। हरेक व्यक्ति फर कफरक प्रकृतिका हुन्छन्। कुनै पनि दुई व्यक्ति जुम्ल्याहा नै भए पनि समान प्रकृतिका हुँदैनन्। मानिसको आन्तरिक भाव महत्वपूर्ण रहन्छ। सबै व्यक्ति आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण र स्वाभिमानी हुन्छन्। एक व्यक्तिलाई अर्को सँग एकै कसीमा तुलना गर्न मिल्दैन। हरेक व्यक्ति आफैंमा पूर्ण हुन्छ। त्यसैले सबैलाई उत्तिकै पूर्णताको व्यवहार गरिनुपर्दछ। हरेक व्यक्तिको शक्ति, सामर्थ्य एवं गल्ती, कमजोरी र न्यूनताहरू पनि रहन्छन्। व्यक्तिका सामर्थ्य र कमजोरीका फलाङ्कको आधारमा व्यक्तिको स्वरुप निर्धारण गर्न सकिन्छ। आफू जस्तो तपाईं आफू मात्र हुनुहुन्छ। यो दुनियाँमा तपाईं र म जस्तो केवल तपाईं र म मात्र छौं। व्यक्तित्व विकासका विद्याहरूमा स्वभावका आधारमा मानिसलाई चार प्रकारको व्यक्तित्वमा बाँड्ने गरेको पाइन्छ। हामीले प्रयास गरेमा आफ्नो व्यक्तित्वको पहिचान गरी चार व्यक्तित्वका सर्वाधिक गुण समेटेर पाँचौं व्यक्तित्व निर्माण गर्न सकिनेछ।

**१. लोकप्रिय तेजस्वी व्यक्तित्व :**

यस्तो व्यक्ति बहिर्मुखी, बातुनी र आशावादी हुन्छ। मनोरञ्जन र वार्तालाप गर्ने विशिष्ट क्षमता र सकारात्मक प्रवृत्तिले गर्दा यस्ता व्यक्तिप्रति अरुलाई ईर्ष्या बढ्दछ। यस्तो व्यक्तित्व भएका व्यक्तिहरूमा लगातार बोली रहने, प्रभुत्व जमाउने, एकाधिकारी बन्ने र हस्तक्षेप गर्ने प्रवृत्ति हावी हुन्छ। यस प्रवृत्तिले गर्दा कहिलेकाहीं यथार्थ भन्दा ज्यादै टाढा पनि पुर्‍याउँदछ।

**२. प्रभावशाली तेजमिजाज व्यक्तित्व :**

यस्तो व्यक्तित्व अन्तर्मुखी, विचारक तथा निराशावादी हुन्छ। यस्तो व्यक्तिले जीवनको हरेक क्षणमा तीक्ष्ण नेतृत्व र प्रतिभा प्रयोग गर्न सक्दछ तर आफ्नो अति प्रभुत्व जमाउने, कठोर नियन्त्रण राख्ने र चालवाज बन्ने स्वभावले गर्दा बढी टिकाटिप्पणी पनि हुने गर्दछ।

**३. उत्तम गम्भीर व्यक्तित्व :**

यस्तो व्यक्तित्व भएको व्यक्ति बहिर्मुखी, अत्यन्त सक्रिय र आशावादी हुन्छ। यस्तो व्यक्तिमा गहन विश्लेषणात्मक सोच, प्रतिभाशाली गुण हुने भएकाले सामान्य सोच भएका मानिसले यिनलाई आदर गर्दछन्। यस्तो गुणको अत्यधिक प्रदर्शनले बढी तर्क वितर्क गर्दागर्दै मानिस कहिलेकाहीं हतास पनि बन्न सक्दछ।

**४. शान्त मत्थर स्वभाव :**

यस्तो व्यक्तित्व अन्तर्मुखी, निरीक्षण गर्ने र निराशावादी हुन्छ। यस्तो व्यक्ति आराम प्रकृतिको, प्रशंसनीय हुने र सबैसँग प्रिय बन्ने स्वभावको हुन्छ तर अत्याधिक भलादमी र सौम्यपनले कार्यमा शीघ्रता हुँदैन र काममा खासै वास्ता पनि हुँदैन। यस्ता व्यक्तिहरूमा "चल्दै गर्छ" भन्ने धारणाको विकास भएको पनि पाइन्छ। अति सौम्यताले कतिपय अवस्थामा उदासीन बन्ने र निर्णय नै लिन नसक्ने हुन्छ। यस्तो व्यक्तित्वको धनीले कसैलाई चिढ्याउन नचाहँदा अप्रिय निर्णय गर्नै सक्दैन।

**५. व्यक्तित्व विकास :**

मानिसले सकारात्मक र नकारात्मक दुवै प्रकारका अतिवादी व्यवहारलाई नियन्त्रणमा लिन सक्नुपर्दछ। आत्मग्लानिबाट मुक्त हुने, निराशावादी नबन्ने, आत्मिक शक्ति प्राप्त गरी अरु शक्तिको भर नपर्ने, आफ्नो सोचलाई नवीकरण गरी असल व्यक्तित्वमा रूपान्तरण गर्ने, आफ्नो तेज र बेजोडपनलाई कायम र स्थिर राख्ने, स्वनियन्त्रणमा साधना गर्ने ,सर्वोत्तम मित्र छनौट गर्ने जस्ता गुणहरू प्राप्त गर्नका लागि चारै व्यक्तित्वका असल स्वभाव अनुशरण गर्नु जरुरी हुन्छ। यसरी चारै व्यक्तित्वबाट असल स्वभाव अनुशरण गरी आफ्नो विशिष्ट पाँचौं व्यक्तित्व निर्माण गर्न सकेमा त्यो नै सर्वोत्तम हुनेछ।

**यस पृष्ठमा नियमित रूपमा लेख रचनाहरू समावेश गरिनेछ।**

१. कर प्रशासनको क्षमता विकास, नेतृत्व विकास र कर प्रणाली सुधार सम्बन्धी विषय

२. करदाता शिक्षा, सचेतना जगाउने सामाग्रीलाई प्राथमिकताका साथ प्रकाशित गरिनेछ।



Tax Bulletin final - Special Issue 2.pmd 2 05/08/2012, 16:16

# “कर पालनाभन्दा अवज्ञा लागत उच्च हुने प्रणाली आवश्यक”




नेपाल सरकारका कायममुकायम मुख्य सचिव श्री लीलामणि पौडेलले करका व्यवस्थाहरूको पालना नगर्दा करदाताको व्यवसायमा लागत उच्च हुने अवस्था सिर्जना गरी राजस्वको क्षेत्रमा सुधार गर्नुपर्ने विचार व्यक्त गर्नुभएको छ। आन्तरिक राजस्व विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माणसम्बन्धी सेमिनारको तेश्रो दिन आयोजित विशेष समारोहमा कर अधिकृतहरूलाई निर्देशन दिँदै उहाँले कर प्रशासन पारंगत हुँदैमा करदाताले करका व्यवस्थाहरूको पूर्ण पालना नगर्ने भएकाले करको अवज्ञा गर्दाको स्थिति आफैंमा महंगो हुने संयन्त्र विकास गर्नुपर्ने बताउनुभयो।

"Non compliance must be costlier than compliance" भन्नु हुँदै कामु मुख्य सचिव श्री पौडेलले कुल गार्हस्थ उत्पादनकै न्यून मूल्यांकन भइरहेकोप्रति कर प्रशासनलाई सचेत गराउनुभयो । उहाँले वास्तविक बजार मूल्यमा अर्थतन्त्रको मूल्यांकन हुन नसकेको अवस्थामा जे जति राजस्व उठिरहेको छ, त्यसैमा रमाइरहन नहुने बताउनुभयो। बजारको वास्तविक मूल्यमा मूल्यांकन गरी राजस्व संकलन गर्नका लागि अनुगमनको सशक्त प्रणाली आवश्यक हुने बताउनुभयो । वर्तमान अवस्थामा अपराधी, राजनीतिकर्मी, व्यवसायी तथा प्रशासनका कतिपय व्यक्तिहरूको सञ्जाल विकास भइरहेकाले राम्रो काम गर्नेलाई जोखिम समेत रहेको तथ्य सार्वजनिक गर्दै कामु मुख्य सचिव श्री पौडेलले राम्रो काम गर्दा उत्पन्न हुने जोखिमबारे आफ्नो कार्यालय प्रमुख र माथिल्लो निकायलाई जानकारी गराई सामूहिक ढंगले जोखिम न्यूनीकरणको प्रयत्न गर्न समेत कर अधिकृतहरूलाई निर्देशन दिनुभयो।

राजस्व प्रशासनको इमान्दारिता र सदाचारप्रति प्रश्न उब्जिरहनु दुखद भएको बताउँदै उहाँले गलत नियतले जानाजानी काम गर्ने कर्मचारीलाई कारवाहीबाट कसैले पनि जोगाउन नसक्नेतर्फ उहाँले सबैलाई सचेत गराउनुभयो। कर प्रशासन सुधारका लागि प्रणाली विकास गर्न तथा सामूहिकता आधारित कार्य गर्नका लागि विशेष जोड दिन निर्देशन दिँदै उहाँले गलत कार्य गर्नेहरू विरुद्ध ठोस कारवाही गर्नका लागि आफू पछि नपर्ने समेत स्पष्ट पार्नुभयो।

# सर्वोत्कृष्ट राजस्व कार्यालयहरू सम्मानित









आर्थिक वर्ष २०६८/०६९ भरिमा सर्वोत्कृष्ट कार्यसम्पादन गरेका प्रमुख ३ वटा आन्तरिक राजस्व कार्यालयहरू र एक करदाता सेवा कार्यालयलाई व्यवस्थापन गोष्ठीको तेश्रो दिन सम्मानित गरिएको छ। आन्तरिक राजस्व विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सम्मेलनको तेश्रो दिन आयोजित विशेष समारोहमा नेपाल सरकारका कायममुकायम मुख्य सचिव श्री लीलामणि पौडेलले आन्तरिक राजस्व विभाग अन्तर्गत गत आ.व.मा सर्वोत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयहरूलाई प्रशंसापत्र प्रदान गर्नुभयो। यसरी प्रशंसापत्र प्राप्त गर्ने कार्यालयहरूमा आन्तरिक राजस्व कार्यालय ललितपुर, विराटगर र भरतपुरले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेको छन्। यस्तै करदाता सेवा कार्यालय त्रिपुरेश्वरलाई उत्कृष्ट करदाता सेवा कार्यालयका रूपमा सम्मानित गरिएको छ। आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत कुलप्रसाद चुडाल, आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत दीर्घराज मैनाली तथा आन्तरिक राजस्व कार्यालय, भरतपुरका प्रमुख कर अधिकृत प्रेम उपाध्यायले कामु मुख्य सचिव श्री लीलामणि पौडेलबाट प्रशंसापत्र ग्रहण गर्नुभयो। त्यसैगरी उत्कृष्ट करदाता सेवा कार्यालयको सम्मान करदाता सेवा कार्यालय, त्रिपुरेश्वरका प्रमुख कर अधिकृत श्री षडानन्द गुरुङलाई हस्तान्तरण गरिएको थियो। उत्कृष्ट कार्यसम्पादन गरी सम्मानित हुने कार्यालयहरूलाई बधाई दिँदै श्री पौडेलले आगामी वर्षमा पनि राजस्व वृद्धिदरलाई लक्ष्य अनुरुप कायम राख्न आन्तरिक राजस्व कार्यालयहरू सफल हुने विश्वास व्यक्त गर्नुभयो। सम्मानित हुने कार्यालयहरूलाई विभागका महानिर्देशक श्री टंकमणि शर्माले पनि बधाई दिनु हुँदै आगामी वर्ष उत्कृष्टताको स्तरमा पुग्ने प्रयास गर्न सबै आन्तरिक राजस्व कार्यालयहरूलाई आह्वान गर्नुभयो।





















अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्नु अगाडि अन्तःशुल्क इजाजत लिन नबिर्सौं ।

आन्तरिक राजस्व विभागद्वारा आयोजित वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सम्मेलनको केही झलकहरु


















Tax Bulletin final - Special Issue 2.pmd 5 05/08/2012, 16:16

# कर प्रशासन सुधार्न अर्थ सचिवको ३४ बुँदे निर्देशन



अर्थ सचिव श्री कृष्णहरि बास्कोटाले आन्तरिक राजस्व विभाग मातहतका विभिन्न राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूका प्रमुख कर अधिकृतहरूलाई कर प्रशासन सुधार गर्न ३४ बुँदे निर्देशन दिनुभएको छ ।

विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सम्मेलनको तेश्रो दिन आयोजित विशेष समारोहमा अर्थ सचिव श्री बास्कोटाले राजस्वका विविध क्षेत्र समेटेर यस्तो निर्देशन दिनुभएको हो ।

उहाँले करको दायरा विस्तार गर्न सम्भाव्य आर्थिक गतिविधिका क्षेत्र पहिचान गरी अभियानात्मक ढंगले कराधार बढाउन, रोजगारीका क्षेत्रमा व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गर्न, PAN लाई कारोवारको प्रकृतिका आधारमा VAT मा स्तरोन्नति गर्न कर अधिकृतहरूलाई निर्देशन दिनुभयो ।

यस्तै मूल्य अभिवृद्धि कर विवरण प्राप्त गरी Non Filer को प्रतिशतलाई एकल विन्दुमा कायम गर्न, करदताको अभिलेख र सूचनालाई अद्यावधिक तुल्याउन, बक्यौता राख्ने करदाता उपर अभियान सञ्चालन गर्न, मुद्दामा गएका विवादित विषयको समयमा नै प्रतिक्रिया एवं फाइल अदालत, न्यायाधिकरण वा विभागमा पठाउन समेत उहाँले निर्देशन दिनुभयो ।

जोखिममा आधारित कर परीक्षणलाई प्राथमिकता दिन, पुराना छनोटमा परी कर परीक्षण हुन बाँकी करदाताहरूको कर परीक्षण गर्ने कार्यलाई पहिलो प्राथमिकता दिन, कर छलीको प्रारम्भिक र विस्तृत अनुसन्धान गर्न, राजस्व संकलनलाई कार्यालयको कार्यसम्पादनको पहिलो आधारको रूपमा लिन, सूचना प्रविधिमा आधारित कर प्रणाली सुधारका लागि सुरक्षा, भण्डारण र अभिलेखमा ध्यान दिन पनि उहाँले अधिकृतहरूलाई निर्देशन दिनुभयो ।

यस्तै सम्मेलनको समापन समारोहमा अर्थमन्त्रालयका राजस्व महाशाखाका प्रमुख सहसचिव श्री शान्तराज सुवेदीले कर अधिकृतहरूलाई निर्देशन दिँदै उपभोगमा आधारित मूल्य अभिवृद्धि कर तथा प्रत्यक्ष कर का रूपमा रहेको आयकरमा मुख्य जोड दिई अघि बढ्न सुझाव दिनुभयो । विश्वका विभिन्न देशमा रहेका करको दरबारे जानकारी दिँदै उहाँले विकसित देशहरूमा ५९ प्रतिशतसम्म व्यक्तिगत करको दर रहेकोमा नेपालमा करको दर बढी भयो भन्न नमिल्ने बताउनुभयो । यस्तै पाकिस्तान, स्वीजरल्याण्ड, सिँगापुरजस्ता देशहरू मूल्य अभिवृद्धि करको बहुदर बाट एकलदरमा फर्किरहेको अवस्थामा नेपालमा बहुदर लागू गर्दा थप झन्झटिलो हुनेतर्फ कर दाताहरूलाई सचेत तुल्याउन उहाँले कर अधिकृतहरूलाई निर्देशन दिनुभयो ।

यस्तै सम्मेलनका क्रममा भन्सार विभागका महानिर्देशक श्री मुक्तिनारायण पौडेलले आन्तरिक राजस्व विभाग र भन्सार विभागले संयुक्त ढंगले Post Clearance Audit गर्नुपर्ने आवश्यकता रहेको बताउँदै कतिपय जिल्लाहरुमा दुवै विभागले संयुक्त कार्यालयमार्फत् काम अघि बढाउन सकिने सम्भावना औंल्याउनुभयो ।

उहाँले भन्सार विभागले प्रयोग गरिरहेको आसिकुडा सफ्टवेयर वेभमा आधारित नभएको हुँदा सूचना आदानप्रदान गर्दा केही सीमितता हुनसक्नेतर्फ पनि आन्तरिक राजस्व विभागको ध्यानाकर्षण गराउनुभयो ।

सम्मेलनमा उपस्थित राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री जन्मजय रेग्मीले जुनसुकै व्यवसायिक क्षेत्रमा चुहावट व्याप्त रहेको हुँदा प्रणालीगत तवरमै कर चुहावट नियन्त्रण गर्ने पद्धतिमा विभागहरुले जोड दिनुपर्ने बताउनुभयो । राजस्व अनुसन्धान विभाग तथा आन्तरिक राजस्व विभागले कर अनुसन्धानमा सहकार्यका लागि कार्ययोजना बनाई अघि बढ्नुपर्ने उहाँको धारणा थियो ।

## विविध विषयगत कार्यपत्रहरु प्रस्तुत

आन्तरिक राजस्व विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माणसम्बन्धी सम्मेलनका क्रममा कर प्रशासनका विभिन्न क्षेत्रहरुबारे विषयगत कार्यपत्रहरूको प्रस्तुति र छलफल भएको छ । पहिलो दिनको प्राविधिक सत्रमा विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले रणनीतिक योजनाको विशेषता र मापदण्डबारे तथा उपमहानिर्देशक श्री मधु मरासिनीले कर प्रणाली सुधार योजनाबारे प्रस्तुतिकरण गर्नुभयो । साथै विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले करदाता सेवा र कर कार्यान्वयन रणनीति विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने विभागका निर्देशक श्री महाराज कोइरालाले आन्तरिक राजस्व विभागअन्तर्गत गत आ.व.को कार्यगत लक्ष्य प्रगतिसम्बन्धी प्रस्तुति गर्नुभएको थियो । विभागका सूचना प्रविधि विज्ञ कपिलदेव श्रेष्ठले सूचना प्रविधि नीति तथा सञ्चालनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं १, २ र ३ का तर्फबाट आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री रामशरण पुडासैनीले करदाता सेवा कार्यालयको भूमिका र विभागसँगको सम्बन्धबारे प्रस्तुति गर्नुभएको थियो ।

दोश्रो दिनको प्राविधिक सत्रमा विभागका उपमहानिर्देशक श्री मधु मरासिनीले अन्त:शुल्क प्रशासन तथा रणनीतिबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै विभागका कानून शाखाका निर्देशक श्री हरिशंकर ज्ञवालीले कानूनको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै विभिन्न जिल्लाका आन्तरिक राजस्व कार्यालयहरू तथा काठमाडौंका करदाता सेवा कार्यालयहरूका प्रमुख कर प्रशासकहरुले पनि सोही दिन आ-आफ्नो कार्यालयको कार्यसम्पादन तथा समस्याहरूबारे प्रस्तुति गर्नुभयो । ठूला करदाता कार्यालयकातर्फबाट पनि सोही दिन कार्यपत्र प्रस्तुत भएको थियो ।

तेश्रो दिन राजस्व अनुसन्धान विभागका तर्फबाट उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्मा र भन्सार विभागकोतर्फबाट उपमहानिर्देशक श्री लक्ष्मण अर्यालले कर प्रशासनको सुधार तथा कर अनुसन्धानलाई अझ व्यापक बनाउन आन्तरिक राजस्व विभागसँग गर्न सकिने सहकार्यका बारेमा आ-आफ्नो विभागको तर्फबाट कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।



Tax Bulletin final - Special Issue 2.pmd 6 05/08/2012, 16:16

# बुढानिलकण्ठ घोषणापत्र, २०६९ जारी ...



सम्मेलनको समापन सत्रमा उपस्थित व्यक्तित्वहरू

पृष्ठ १ बाट जारी

गरेको छ । माननीय अर्थमन्त्री श्री वर्षमान पुनले उद्घाटन गर्नुभएको सो सम्मेलनका क्रममा माननीय अर्थमन्त्री श्री पुन, कायममुकायम मुख्य सचिव श्री लीलामणि पौडेल, अर्थ सचिव श्री कृष्णहरि बास्कोटा तथा विभागका महानिर्देशक श्री टंकमणि शर्माले कर अधिकृतहरूलाई कार्यसम्पादनसम्बन्धी छुट्टाछुट्टै निर्देशन दिनुभयो ।

देशभरका राजस्व कार्यालयमा कार्यरत कर अधिकृतहरूले सो अवसरमा आगामी दिनमा करदाताहरूलाई चुस्तदुरुस्त सेवा प्रदान गरी राजस्व अभिवृद्धि गर्दै समग्र राजस्व प्रशासनमा ठोस सुधारको अनुभूति हुने गरी कार्य गर्ने प्रतिबद्धता जनाउनुभयो ।

**बुढानिलकण्ठ घोषणापत्र, २०६९ जारी**

आन्तरिक राजस्व विभागले कर प्रशासनमा आगामी दिनमा गर्ने नीतिगत सुधार एवं नयाँ रणनीतिक योजनाहरू समेटी २०६९ श्रावण १७ गते बुढानिलकण्ठ घोषणापत्र, २०६९ जारी गरेको छ । वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माणसम्बन्धी सम्मेलनको तेश्रो दिन यो घोषणापत्र सार्वजनिक गरिएको हो ।

घोषणापत्रमा कर प्रणालीको पञ्चवर्षीय रणनीतिक योजना तथा त्रिवर्षीय कर प्रणाली सुधार कार्ययोजना स्वीकृत गराई यसै आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने उद्घोष गरिएको छ । आवधिक रुपमा रणनीतिक योजना तर्जुमा तथा परिमार्जन र कर प्रणाली सुधार योजनाको कार्यान्वयन तथा अनुगमनको लागि विभागमा कर प्रणाली सुधार एकाइ (Tax System Reform Unit) स्थापना गर्न समेत घोषणापत्रमा सिफारिस गरिएको छ ।

आर्थिक वर्ष २०६९ लाई "कर प्रणाली सुधार वर्ष" घोषणा गरी खोज अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा र वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरिने उल्लेख गरिएको छ । यस्तै सूचना र अन्वेषणमा आधारित कानूनी कार्यान्वयन, जोखिमका सूचकांकमा आधारित कर लेखापरीक्षण, प्रमाण र सूचनामा आधारित कर छली अनुसन्धान, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यबोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित करदातामैत्री कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं सहभागितामा आधारित करदाता जस्ता उपागम अवलम्वन गरी कर प्रशासन संचालन गरिने घोषणापत्रमा उल्लेख छ ।

विद्यमान आयकर ऐन तथा अन्तःशुल्क ऐन लागू भएको १० बर्ष पूरा भएको तथा मूल्य अभिवृद्धि कर लागू भएको १५ बर्ष पुग्न लागेको सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा आएको परिवर्तन तथा नेपाली परिवेशलाई आत्मसात् गर्दै समय सापेक्ष सुधारका लागि अध्ययन तथा विश्लेषण गर्न विशेषज्ञहरूसहितको एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गर्न पनि घोषणापत्रमा सिफारिस गरिएको छ ।

उद्योगी तथा व्यवसायी मात्र करदाता हुन् भन्ने विद्यमान आम बुझाइलाई परिवर्तन गरी आय आर्जन गर्ने आम नागरिक करदाता हुन् तथा करको दायरामा आउनु उद्योग, व्यापार, पेशा, व्यवसाय र सोबाट आर्जन हुने आय वैध बनाउने प्रक्रिया हो भन्ने धारणालाई आत्मासात गर्न करदाता शिक्षा, सूचना तथा सञ्चारका प्रभावकारी कार्यक्रममार्फत् व्यापक प्रचार प्रसार गरिने पनि घोषणा गरिएको छ ।

करका बारेमा जानकारी दिन माध्यमिक तहभन्दा माथिको शैक्षिक संस्थाको पाठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी विषयको पाठ समावेश गर्न शिक्षा मन्त्रालयसँग समन्वय गरिने तथा करदाता जागरण, करदाता शिक्षा, तालिम जस्ता कार्यक्रमलाई देशव्यापी रुपमा प्रभावकारी बनाउन वाह्य सेवा प्रदायक संस्थाहरू मार्फत् समेत सेवा प्रवाह गरिने कार्यक्रम घोषणापत्रमा समेटिएको छ । करदाता शिक्षा, सूचना तथा सञ्चारका प्रभावकारी कार्यक्रम सञ्चालन गर्न विभागमा छुट्टै एकाइ स्थापना गरिने तथा कर सम्बन्धी नियमित रुपमा सूचना प्रवाह गर्न सूचनाको प्रकाशन र वितरणको प्रभावकारी संयन्त्र निर्माण गरिने पनि विभागले घोषणापत्रमा कार्यक्रम तय गरेको छ ।

बुढानिलकण्ठ घोषणापत्र, २०६९ मा कर दाताहरुको सहभागिता लागत घटाउन, गुणात्मक सेवा प्रवाह गर्न र कानूनको परिपालना गराई सहभागिता वृद्धि तथा कर छलीलाई निरुत्साहित गर्न करदाताहरुलाई लघु, साना, मध्यम र ठूला करदातामा वर्गीकरण गरिने योजना समेत उल्लेख गरिएको छ । यसै आर्थिक बर्षमा लघु, साना तथा मध्यमस्तरीय करदाता (Micro, Small & Medium Enterprises) को कर प्रणाली सम्बन्धी विस्तृत अध्ययन गरी कार्यान्वयनमा ल्याइने विभागले जनाएको छ ।

मूल्य अभिवृद्धि करको छली प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि करमा दर्ता गर्दा तोकिएका कागजातका अतिरिक्त करदाताको कर सहभागिता जनाउन सक्ने क्षमता र हैसियत, विगतको कार्यानुभव, कारोवार स्थलको विस्तृत नक्सांकन तथा मुख्य व्यक्तिको पूर्ण परिचय खुल्ने कागजातहरूको पूर्ण जाँचबुझ गरेर मात्र दर्ता गरिने व्यवस्था गरिने घोषणापत्रमा जनाइएको छ ।

यस्तै कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्बर अनिवार्य रुपमा उल्लेख गर्ने कानूनी व्यवस्था गरिने तथा व्यावसायिक प्रयोजनका लागि निश्चित रकम भन्दा बढीको ऋण लिँदा वा भुक्तानी गर्दा सोको जानकारी दर्ता भएको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिने विभागले आफ्नो घोषणापत्रमा जनाएको छ। आयकर तथा मूल्य अभिबृद्धि करमा लगातार १२ महिना सम्म विवरण नबुझाउने (Non filer) करदाताहरुको करदर्ता प्रमाणपत्र निष्कृय गरी व्यवसाय गर्न बन्देज लगाइने तथा सम्बद्ध निकायहरूमा समेत त्यसबारे सूचना प्रेषित गरी त्यस्ता करदाताहरूको दर्ता खारेजी गरिने कार्यक्रम पनि घोषणापत्र मार्फत् अघि बढाइएको छ ।

कर राजस्व संकलनलाई प्रभावकारी बनाउन र करदाताहरुको व्यावसायिक लागतमा कमी ल्याउन राजस्व संकलन गर्न स्वीकृत प्राप्त बैंकको जुनसुकै शाखाबाट राजस्व संकलन र दाखिला गर्न सक्ने व्यवस्था ABBS (Any Branch Banking System) चरणबद्ध रुपमा लागू गरिने घोषणा गरेको विभागले विद्युतीय भुक्तानीमार्फत् समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तयार गरिने जनाएको छ। करदाता सूचना संजाल (Taxpayers Information Network) सम्बन्धी कार्य गर्न एउटा छुट्टै संयन्त्र खडा गर्न अध्ययन गरिने तथा यस निकायले अर्थतन्त्रका सबै क्षेत्रको सूचना अभिलेख तथा प्रशोधन गरी कर प्रशासन लगायत नेपाल सरकारका विभिन्न निकायलाई उपलब्ध गराउने योजना घोषणापत्रमा समेटिएको छ ।

# नियमितबाहेक उदाहरणीय कार्य गर्नुहोस् : महानिर्देशक



आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले मातहतका सम्पूर्ण प्रमुख कर अधिकृतहरूलाई विभागीय निर्देशन दिँदै राजस्व प्रशासनको सार्वजनिक छवि सुधार्न नियमितबाहेक आफ्नै पहलमा उदाहरणीय कार्य गर्नका लागि आह्वान गर्नुभएको छ। आन्तरिक राजस्व विभागको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माणका लागि आयोजित सम्मेलनको समापनका क्रममा उहाँले यस्तो निर्देशन दिनुभएको हो।

कार्यालयमा काम गर्दा कसैप्रति मोलाहिजा, आग्रह पूर्वाग्रह नराखी स्वच्छ र स्वस्थ्य ढंगले कार्य सम्पादन गर्न निर्देशन दिनु हुँदै महानिर्देशक श्री टंकमणि शर्माले कर अधिकृतहरूलाई हरेक महिना कम्तीमा २ वटा नियमित बाहेकका उदाहरणीय काम गर्न प्रोत्साहित गर्नुभयो। मूलतः करदाता सेवा र करदाता शिक्षमा जोड दिँदै इमान्दार करदातालाई सदा आदर र कर छलीको मनोबृत्ति भएकालाई निगरानी र कारवाहीको दायरामा पार्दै सक्षम करप्रशासन संचालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। महानिर्देशक श्री शर्माले स्थानीय स्तरमा करका हाकिमहरूलाई करदाताले भेट्न कठिन हुने अवस्था तत्काल अन्त्य गरी कार्यालयमा आएका करदाताको गुनासो सुन्ने व्यवस्था गर्न निर्देश गर्नुभयो। उहाँले कार्यालय व्यवस्थापन राम्रो र सुपाच्य हुनेगरी भौतिक भन्दा मानवीय र कार्यप्रणालीमा सुधार गर्न समेत जोड दिनुभयो। महानिर्देशक श्री शर्माले कार्यालयहरूका खुस्केका नट बोल्टहरू पत्ता लगाई सुधार गर्न निर्देशन दिँदै राजस्व प्रशासनमा व्यवहारमै सुधार गरी सार्वजनिक रूपमै सुधार भएको अनुभूति दिलाउन समेत कर अधिकृतहरूलाई सचेत तुल्याउनुभयो।

सम्मेलनका क्रममा माननीय अर्थमन्त्री, श्रीमान् मुख्य सचिव एवं श्रीमान् अर्थसचिवबाट भएको निर्देशनको पालना गर्न समेत कर अधिकृतहरूलाई सचेत गराउँदै महानिर्देशक श्री टंकमणि शर्माले बजार अनुगमन तथा नियमनमा विशेष जोड दिन आग्रह गर्नुभयो। कमसेकम मूल सडकका मूल बजार र व्यवसायीहरू करको दायरामा आउनुपर्ने बताउँदै उहाँले कर प्रमुखहरूले आफैं पटक पटक आफ्नो क्षेत्रको अनुगमनमा जानुपर्ने बताउनुभयो। स्वयंकर प्रणाली अपनाइरहेको व्यवस्थामा कर प्रशासनको पहलमा कति राजस्व थप हुन्छ, त्यसको आधारमा कर प्रशासनको प्रभावकारिता नापिने पनि उहाँले बताउनुभयो। कर कानून अनुसार करदाताका विवरण र कागजात गोप्य हुने भएकाले तिनको गोप्यता कायम राख्ने कर्तव्य पूरा गर्न कर अधिकृतहरूलाई सजग रहन आग्रह गर्दै उहाँले खास गरी नीतिगत र करदाता जागरण, करदाता शिक्षा देखिबाहेकका विवादका विषयमा प्रतिक्रिया दिनु अघि विभागको प्रवक्ता मार्फत् अघि बढ्न समेत निर्देशन दिनुभयो।

यसैगरी कार्यालयमा अनुशासन कायम गर्न प्रमुख स्वयं अनुशासनमा रहनु पर्ने बताउँदै महानिर्देशक श्री शर्माले कार्यालय प्रमुखले आफनो इलाका बाहिर जानुपर्दा अनिवार्य रूपमा विभागको स्वीकृति लिने र अन्तर्गतका कर्मचारीले पनि अनिवार्य रूपमा कार्यालय प्रमुखको स्वीकृति लिनैपर्नेमा जोड दिनुभयो।

# समूहगत छलफलद्वारा रणनीतिक एवं सुधार योजना पारित



आन्तरिक राजस्व विभागको ५ वर्षे रणनीतिक योजना तथा ३ वर्षे सुधार योजनालाई अन्तिम रूप दिन आयोजित ३ दिने सम्मेलनका क्रममा सहभागी विभिन्न आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुका प्रमुख कर अधिकृतहरूबीच समूहगत छलफल आयोजना गरिएको छ।

योजना निर्माणका लागि विभिन्न ६ वटा विषयगत समूह विभाजन गरी आ-आफ्नो समूहमा छलफल गरी तयार पारिएको निष्कर्षसहितको कार्यपत्रहरु समेत प्रस्तुत गरिएको छ। व्यवस्थापन गोष्ठीको अन्तिम दिन विभिन्न ६ वटा विषयगत समूह विभाजन गरिएको थियो।

६ वटा समूहहरु मध्ये सूचना प्रविधि समूहको नेतृत्व आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री कपिलदेव श्रेष्ठले गर्नुभएको थियो। यस्तै संगठनात्मक व्यवस्था र नीतिगत सुधार सम्बन्धी समूहको नेतृत्व आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री रामशरण पुडासैनीले गर्नुभएको थियो। ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री आनन्दराज ढकालको नेतृत्वको समूहले कर परीक्षणबारे समूहगत छलफल गरेको थियो। यस्तै आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं ३ का प्रमुख कर प्रशासक श्री राममणि दुवाडीको नेतृत्वको समूहले अन्तःशुल्कका सम्बन्धमा समूहगत छलफल गरेको थियो भने कर कानूनसम्बन्धी विषयगत समूहको नेतृत्व विभागको कानून शाखाका निर्देशक श्री हरिशंकर ज्ञवालीले गर्नुभएको थियो। आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं २ का प्रमुख कर प्रशासक श्री जयदेव श्रेष्ठले नेतृत्व गर्नुभएको समूहले करदाता सेवा र सूचनाबारे समूहगत छलफल गरी रणनीतिक योजना तथा सुधार योजना तर्जुमाका लागि प्रस्तुति गरेको थियो।